
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ६४, पृष्ठ ८ | काठमाडौं, शुक्रबार १९ असार २०८३ | आषाढ कृष्णपक्ष तृतीया नेपाल संवत् ११४६ | FRIDAY, JULY 3, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# मधेसवादी दलको मधेसमै गुम्यो अस्तित्व




विस्तृत पृष्ठ २

पहिचान, प्रतिनिधित्व र अधिकारका लागि २०६३ सालमा भएको मधेस आन्दोलनको रापतापबाट उदाएका मधेस केन्द्रित दलहरूको संसदीय उपस्थिति २०८२ को निर्वाचनमा शून्यमा झरेको छ। दुई दशकसम्म राष्ट्रिय राजनीति र सत्ता समीकरणमा निर्णायक भूमिका खेलेका मधेसवादी दलहरू आन्तरिक फुट, सत्तालिप्सा र जनताको बदलिँदो चेतका कारण इतिहासमै पहिलो पटक संघ र प्रदेश दुवै तहमा सत्ताबाहिर पुगेकामात्रै छैनन्, अस्तित्व नै संकटमा पुगेको छ।

**गोविन्द महतो** | *जनकपुरधाम*

## पेट्रोलपम्प बन्द गरे १० लाख जरिबाना !

**काठमाडौं** (अन्नपूर्ण) : पेट्रोलपम्प बन्द गर्नेलाई १० लाखसम्म जरिबाना गर्ने कानुन तयार भएको छ। नेपाल आयल निगमले देशभरका पेट्रोलपम्पको नियमन गर्न बनाएको पेट्रोलियम पदार्थ बिक्रेता विनियमावली संशोधन गरेर पम्प बन्द गर्ने व्यवसायीलाई ३ लाखदेखि १० लाख रुपैयाँसम्म जरिबाना र ५ दिनदेखि १५ दिनसम्म पेट्रोल, डिजेल वितरण रोक्का गर्ने कानुनी व्यवस्था गरिएको छ।

पेट्रोलियम व्यवसायीले मूल्य घट्ने अनुमान गर्दै मंगलबार आयल निगमको डिपोबाट तेल नउठाउँदा बुधबार बिहानदेखि दिनभर देशभर इन्धन आपूर्ति असहज भएको थियो। अत्यावश्यक पेट्रोलियम पदार्थको आपूर्ति असहज गर्ने व्यवसायीलाई कारबाही गर्ने कानुनी आधारसमेत नभेटिएपछि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री गौरीकुमारी यादवले बुधबार साँझ नै नयाँ कानुनी व्यवस्था गर्न निर्देशन दिएकी थिइन्।

मन्त्री यादवको निर्देशनलगत्तै बुधबार साँझ नै निगमको सञ्चालक समिति बैठक बसेर पेट्रोलियम पदार्थ बिक्रेता विनियमावली, ०७५ को दफा २९ घ (१) मा 'बिक्रेताले नोजल सुक्खा गरी पेट्रोलियम पदार्थ नपाउने स्थिति सिर्जना गर्न नहुने' भन्ने वाक्य थपिएको छ।

» बाँकी पृष्ठ ६

# यात्रुसहित गाडी कर्णालीमा बेपत्ता

### गाडीमा कति यात्रु थिए भन्ने यकिन छैन

**हिक्मतबहादुर नेपाली** | **दैलेख**



सुर्खेतबाट कालीकोटतर्फ जाँदै गरेको कर्णाली प्रदेश ०२-००१ ख १०५५ नम्बरको फोर्स गाडी कर्णाली नदीमा बेपत्ता भएको छ।

बिहान ११:३० बजे दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका-७, कर्णाली राजमार्गअन्तर्गत साङ्गेतडामा सडकबाट करिब चार सय मिटर तल खसेको गाडी बिहीबार साँझ ९ बजेसम्म पनि भेटिएको छैन। स्थानीय सुरक्षा निकायहरूले बिहानैदेखि खोजी कार्य गरिरहेको भए पनि नदीको बहाव बढेको र खोला धमिलो भएका कारण खोजी कार्यमा कठिनाइ उत्पन्न भएको छ। दुर्घटनामा परी भिरमा अल्झिएका कालीकोटका एक जनाको उद्धार गरिएको र दुल्लु अस्पतालमा उपचारका क्रममा उनको मृत्यु भएको दैलेख प्रहरीले जानकारी दिएको छ।

कर्णाली नदीमा खसेको गाडी र यात्रुको खोजीका लागि सुर्खेतबाट सशस्त्र प्रहरी बलको गोताखोर टोली दुर्घटनास्थलमा पुगेको दैलेखका प्रमुख जिल्ला अधिकारी आनन्द सारुले जानकारी दिए। नदीको बहाव धेरै भएको र दुर्घटना भएको स्थान निकै अप्ठ्यारो भिर भएकाले उद्धारमा चुनौती थपिएको प्रमुख जिल्ला अधिकारी सारुले जानकारी दिए।

जिल्ला प्रहरी कार्यालय दैलेख, सशस्त्र प्रहरी दैलेखको टोली र माथिल्लो कर्णाली सुरक्षा बेसक्याम्पको टोलीसहित सुरक्षा निकायको टोली उद्धारमा खटिरहेको भए पनि नदी किनारको खोच र भिरबाट गाडी दुर्घटना भएकाले समस्या भएको जिल्ला प्रहरी कार्यालय दैलेखका प्रहरी प्रमुख एवं प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिए।

» बाँकी पृष्ठ ६

# जब सांसदहरूले अख्तियारको फाइल देखाउन दबाब दिए




**किशोर बुढाथोकी** | *विराटनगर*

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिका केही सांसदले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको इटहरी कार्यालयमा पुगेर अनुसन्धान जारी रहेका फाइल देखाउन दबाब दिएका छन्। सांसदले अनुसन्धानको फाइल हेर्न खोजेपछि उत्पन्न भएको विवाद कार्यालयभित्रको घटनामा सीमित रहेन, यसले संसदीय अनुगमनको सीमा कहाँसम्म हुन्छ भन्ने प्रश्न उठाएको छ।

मोरङको निर्वाचन क्षेत्र नम्बर-१ बाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद यज्ञमणि न्यौपानेसहितको संसदीय टोली बुधबार झुम्का कारागारको अनुगमनपछि अख्तियार इटहरी पुगेको थियो। टोलीमा न्यौपानेसहित रास्वपाकी सांसद गजला समिम मिकरानी, नेकपा (एमाले)की सांसद विष्णुमाया विक तथा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का सांसद युवराज दुलाल पनि सहभागी थिए।

अनुगमनको प्रारम्भिक उद्देश्य कार्यालयको कार्यसम्पादन, अनुसन्धानको अवस्था तथा सुशासनसँग सम्बन्धित विषय बुझ्नु भए पनि केही समयमै छलफल अनुसन्धानाधीन फाइलसम्म पुग्यो। प्रत्यक्षदर्शीहरूका अनुसार सांसद यज्ञमणि न्यौपानेले अनुसन्धान भइरहेको फाइल देखाउन अख्तियार इटहरीका प्रमुख तथा सहसचिव यज्ञ पुरीलाई पटकपटक दबाब दिएका थिए। अख्तियारका अधिकारीहरूले भने कानुनले अनुसन्धानाधीन फाइल गोप्य राख्नुपर्ने स्पष्ट व्यवस्था गरेको भन्दै त्यसलाई अस्वीकार गरिदिए।

करिब डेढ घण्टासम्म दुवै पक्षबीच कानुनी व्यवस्था, संसदीय अधिकार र अनुसन्धानको गोपनीयताका बारेमा लामो प्रश्नोत्तर भयो। सांसदले अनुसन्धानको फाइल देखाउन दबाब दिएको भिडियो सार्वजनिक भएपछि घटना थप चर्चामा आएको छ। अख्तियार इटहरीका प्रमुख यज्ञ पुरीले अनुसन्धान पूरा नभएसम्म आरोपीको नामदेखि अनुसन्धानसँग सम्बन्धित कुनै पनि कागजात सार्वजनिक गर्न नमिल्ने कानुनी व्यवस्था रहेको भन्दै सांसदहरूलाई सोही कानुन देखाएर सम्झाइएको बताए। उनका अनुसार अनुसन्धान प्रक्रिया पारदर्शिताभन्दा पनि निष्पक्षताका लागि निश्चित समयसम्म गोप्य राख्नुपर्ने संवेदनशील प्रक्रिया हो।

सांसदहरूसँगको सबालजवाफमा पुरीले भनेका छन्, 'अनुसन्धान अधिकृतले अभियोजन अघि कुनै पनि विवरण सार्वजनिक गर्न नपाउने कानुनी व्यवस्था छ। अनुसन्धान भइरहेका फाइल कसैलाई पनि उपलब्ध गराउन मिल्दैन।' उनका अनुसार सांसदहरूलाई यही कानुनी व्यवस्था बुझाउन करिब डेढ घण्टा लागेको थियो। अन्ततः टोली कानुनी प्रावधान स्वीकार गर्दै फर्कियो।

अनुगमनका क्रममा सांसदहरूले इटहरी कार्यालयमा रहेका केही अनुसन्धान किन लामो समयदेखि टुंगिन नसकेको भन्ने विषयमा पनि चासो राखेका थिए। कतिपय प्रभावशाली व्यक्तिसँग सम्बन्धित फाइल जानाजानी रोकिएको हो कि भन्ने आशंका व्यक्त भएको स्रोतको भनाइ छ। त्यसपछि अनुसन्धान अधिकृतहरूले प्रत्येक मुद्दाको प्रक्रियागत अवस्था, अनुसन्धानको प्रगति तथा ढिलाइको कारणका बारेमा कानुनले अनुमति दिएको सीमाभित्र रहेर जानकारी गराएका थिए।

» बाँकी पृष्ठ ६

# जहाँ भनसुनले होइन, योग्यताले पाउँछन् छात्रवृत्ति

### छात्रवृत्तिमा विधि बसाल्दै तिलोत्तमा

**केशरराज क्षेत्री** | *बुटवल*



अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन, २०७५ तथा शिक्षा नियमावली, २०५९ ले विद्यालयमा अध्ययनरत कुल विद्यार्थी संख्याको न्यूनतम १० प्रतिशत कोटा छात्रवृत्तिको लागि छुट्ट्याउनुपर्ने प्रावधान छ। सोही प्रावधानअनुसार संस्थागततर्फका विद्यालयहरूले आफ्नै अनुकूलतामा उक्त कोटालाई प्रयोग गर्दै आएका थिए। विद्यालय आफैंले तोकिएको छात्रवृत्तिको कोटा वितरण गर्दा थेग्नै नसक्ने भनसुन चल्छ। धेरैजसो संस्थागत विद्यालयहरूमा आफू निकटकाहरूले मात्र छात्रवृत्तिको सहुलियत पाउँदै आएका छन्। लक्षित वर्गका विद्यार्थीहरू यो सुविधाबाट बञ्चित छन्। पहुँच पुर्‍याउन नसक्नेहरू सधैं पछाडि परे। लक्षित वर्गसम्म यो सुविधा पुग्नै पाएन।

तर, रूपन्देहीको तिलोत्तमा नगरपालिकाले वर्षौंदेखिको उक्त जालो तोडेको छ। यहाँ संस्थागत विद्यालयमा तोकिएको छात्रवृत्तिको कोटामा कसैको भनसुन चल्दैन। आफू निकटका विद्यार्थीलाई शिक्षक, अभिभावक र नेताहरूले भनेको भरमा छात्रवृत्तिको कोटा दुरुपयोग हुँदैन। अर्थात्, भनसुन चल्दैन। नगरपालिकाले त्यसलाई नीति बनाएर कसेको छ। संस्थागत विद्यालय छात्रवृत्ति वितरण तथा व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८२ बनाएर नगरपालिकाले छात्रृवत्ति वितरण प्रणालीलाई विधिसम्मत र व्यवस्थित बनाएको हो।

'माध्यमिक तहसम्मको शिक्षाको अधिकार संविधानले स्थानीय तहलाई सुम्पेको छ', नगरप्रमुख रामकृष्ण खाँणले भने, 'वर्षौंदेखि हामीले गर्छौं भनेको एउटा कामले अहिले सार्थकता पाएको छ। अब, संस्थागत विद्यालयमा छात्रवृत्ति वितरण प्रणाली व्यवस्थित र कानुनसम्मत भएको छ।' शिक्षा नियमावलीअनुसार जेहेनदार, विपन्न, आदिवासी, जनजाति, थारू, दलित, मधेसी, मुस्लिम, अल्पसंख्यक, अपांग तथा अन्य दलित वर्गका विद्यार्थीलाई छात्रवृत्ति प्राप्त गर्ने अधिकार दिइएको छ। सबैलाई एउटै नीति भएपछि कोही पनि अपमानित भएको महसुस गर्न नपर्ने खाँणले बताए।

नगरपालिकाभरि कुल संस्थागत विद्यालय ३९ वटा छन्। तीमध्ये ११ वटा विद्यालयमा कक्षा १२ सम्मको पढाइ सञ्चालन हुन्छ।

» बाँकी पृष्ठ ६